**बैठक संख्या: ११६**

मिति २०८३ श्रावण १८ गतेका दिन नगर प्रमुख श्री किशोर कुमार लिम्बु ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहायका निर्णयहरु गरिए ।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख | |
| २ | श्री गंगा देवी जोशी | नगर उप-प्रमुख | |
| ३ | श्री बिक्रम चन्द | वडा अध्यक्ष | |
| ४ | श्री पदम सिंह रावल | वडा अध्यक्ष | |
| ५ | श्री हरि सिंह धनाडी | वडा अध्यक्ष | |
| ६ | श्री भक्त बहादुर सुनार | वडा अध्यक्ष | |
| ७ | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष | |
| ८ | श्री ओम बहादुर बस्नेत | वडा अध्यक्ष | |
| ९ | श्री ज्ञानेन्द्र बहादुर बहेकक्षेत्री | वडा अध्यक्ष | |
| १० | श्री ओम प्रकाश रोकाया | वडा अध्यक्ष | |
| ११ | श्री गोपीलाल कडेल | वडा अध्यक्ष | |
| १२ | श्री चन्द्र बहादुर सिंह | वडा अध्यक्ष | |
| १३ | श्री टिकाराम सार्की | कार्यपालिका सदस्य | |
| १४ | श्री मिना धामी | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी राना क्षेत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री पार्वती सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री सेते सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री गिता मिजार कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री मानमती कुमारी भट्ट | कार्यपालिकाउ सदस्य | |
| २० | श्री बिन्दु मोर | कार्यपालिका सदस्य | |
| २१ | श्री हरिश चन्द्र जोशी | प्रमुख प्रशासकीय अधिकृत | |

निर्णय नं:१ यस नगरपालिकाको विभिन्न विधाहरुमा छात्रवृत्ति प्रदान गर्न सहजिकरणका लागि छात्रवृत्ति सम्बन्धि कार्यविधि निर्माण गर्न शिक्षा शाखालाई जिम्मा दिने निर्णय गरियो।

निर्णय नं:२ यस नगरपालिकाको वडा नं. १ वृक्षारोपण, वडा नं.१० कुतियाकभर तथा वडा नं.०८ को गैरावारी टोलमा जोगबुढा नदिले कटान एवं सोहि नदिमा निर्मित तटबन्ध भत्काएको स्थानमा गरिएको जैविक तटबन्ध निर्माण गर्दा खाना नास्तामा भएको खर्च तथा सो कार्य गर्दा जे.सि.वि. र ट्याक्टर प्रयोग बापत भएको विल बमोजिमको खर्च विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं:३ यस नगरपालिकाले आ.व.२०८२/०८३ मा आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगरेको स्वघोषणा गर्ने निर्णय गरियो।

निर्णय नं:४ यस नगरपालिका अन्तरगत वडा नं.०४ झोलुङ्गे पुल नजिक निर्माण गरिएको सार्वजनिक शौचालय नजिकका रुखहरु हावाहुरी लागेका बखत खस्न गई ठुलो जोखिम हुन सक्ने अवस्थालाई मध्यनजर गरि जोखिमयुक्त रुखहरु कटान गरिदिन शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा लेखि पठाउने निर्णय गरियो।

निर्णय नं:५ दोधारा चाँदनी अस्पताल (१५ शैय्या आधारभुत अस्पताल) संचालन सम्वन्धि कार्यविधि २०८१ को अनुसूचि १ को सि.नं. ११ को दर्तामा २ जनामा १ जना थप गरी ३ जना कायम गर्ने र सोहि अनुसूचिको सि.नं.१७ पछि सि.नं.१८ थप गरि हेल्पडेस्कका लागि २ जना दैनिक ज्यालादारीमा व्यवस्थापन गर्ने निर्णय गरियो।

निर्णयनं:६ निक साईमन संस्थाले विगत देखि नै यस नगरपालिकाको नगर अस्पतालमा डाक्टर लगायतका जनशक्ति एवं अस्पताल संचालन सामाग्री प्रदान गर्दै आईरहेकोमा पुनः आगामि ५ वर्षका लागि जनशक्ति एवं सामाग्री उपलब्ध गराउन सम्झौता गरेको हुदा निक साईमन संस्थालाई नगरपालिकाका तर्फबाट सम्मान व्यक्त गर्दै भएको सम्झौतालाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं:७ यस नगरपालिकाको वडा नं.०९ मा निर्मित मसाला उद्योग संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि निर्माण गर्न कृषि विकास शाखालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं:८ यस नगरपालिका वडा नं.०७ मा रहेको राष्ट्रिय आ.वि.को चारकोठे भवन निर्माणको भएगरेको कामको सम्वन्धमा विवाद सृजना भएको हुदा सम्वन्धित निर्माण व्यवसायिलाई रकम भुक्तानी नगरि विद्यालयको खातामा रकम निकासा गरि हाल रोक्का अवस्थामा रहेको हुदा भएगरेको कामको गुणस्तर सहित प्राविधिक प्रतिवेदन पेश गर्न देहाय बमोजिमको प्राविधिक मुल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १. ई.भरत सिंह कार्की | - | संयोजक |
| २. सब.ई. अशोक चन्द | - | सदस्य |
| ३. सब.ई. दिपेन्द्र बहादुर शाही | - | सदस्य |

निर्णय नं:९ यस नगरपालिका अन्तरगत रहेका नदिनालाहरुबाट उत्खनन् हुने नदिजन्य पदार्थको जिल्ला समन्वय समितिबाट भएको अनुगमन निरिक्षण सम्बन्धि प्रतिवेदन उपर छलफल गर्ने निर्णय गरियो।

निर्णय नं:१० यस दोधारा चाँदनी नगरपालिकाको वडा नं.०७ स्थित डि.पि.आर. निर्माण भएको खानेपानी योजनाको ठेक्का प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं:११ यस दोधारा चाँदनी नगरपालिकाको वडा नं.०१ स्थित महाकाली नदिको चारलेन पुलको दक्षिण तर्फ नगरपालिकाले संरक्षण गरेको जमिनमा तारवार गर्न रु.५ लाखं महाकाली नदिमा गेभियन वाल निर्माण वडा नं.०१ (क्रमागत) र पर्यटन प्रवर्द्धन संरचना निर्माण वडा नं.१ शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं:१२ यस दोधारा चाँदनी नगरपालिका र महाकाली साहित्य संगमको आयोजनामा सम्पन्न भएको महाकाली तटिय पद यात्रा तथा हरियाली प्रवर्द्धन कार्यक्रममा वितरण गरिएका १३२ प्रति टिसर्ट रु.५००/- दरले हुन आउने रकम रु.६६०००/- र विल बमोजिमको फलफुल र पानी बापतको रकम भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं.१३ महाकाली नदि र जोगबुढा नदिबाट नदिजन्य पदार्थ उत्खनन् कार्य गर्नका लागि तयार गरिएको प्रारम्भिक वातावरणिय प्रतिवेदनको रिभ्यू गर्ने निर्णय गरियो।

निर्णय नं.१४ यस नगरपालिकाको वडा नं.०१ स्थित चार लेन पुलको दक्षिण तर्फ महाकाली नदिले छोडेको अन्दाजि ५० विगाहा जमिनलाई संरक्षण तथा उक्त जग्गाको उपयोग गर्नका लागि IEE गर्ने निर्णय गरियो।

निर्णय नं.१५ यस नगरपालिकाको वडा नं.१० शान्ती टोलमा निर्माण भैरहेको सेफ हाउस निर्माणका लागि नगरपालिकाले सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने सम्बन्धमा प्राविधिक मूल्याङ्कन बमोजिम सम्झौता बमोजिमको रकमको परिधि भित्र रहि मिलान कोष शिर्षकबाट रकम भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं.१६ दोधारा चाँदनी अस्पतालमा भएगरेका कामहरुको अध्ययन गरी छानविन प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

| | | |
|---|---|---|
| १. गणेश दत्त मिश्र | - | संयोजक |
| २. जय बहादुर महरा | - | सदस्य |
| ३. लेखा प्रमुख नगरपालिका | - | सदस्य |